नेपाल सरकार
गृह मन्त्रालय
नेपाल प्रहरी प्रधान कार्यालय
साइबर ब्यूरो
(प्रशासन शाखा)

फोन: ९८५१२८६७७०, ०१-५३१९०४४
Email: cyberbureau_admin@nepalpolice.gov.np
भोटाहिटी, काठमाडौं

मिति: २०८०-११-१० गते।
ने.स.: ११४४ सिल्लाथ्व, १३ विहीबार

# प्रेस विज्ञप्ति

## महिलाको चरित्र हत्या गर्ने फरार प्रतिवादी पक्राउ।

सामाजिक सञ्जाल फेसबुकमा साथी बन्ने क्रममा म्यासेन्जर मार्फत गोप्य फोटो तथा भिडियो सामाग्री एक आपसमा साटासाट भएको । सम्वन्ध विग्रिए पछि पिडकले ती फोटो तथा भिडियोलाई पीडितका आफन्त तथा परिवारजनमा पठाई सामाजिक तथा व्यक्तिगत जीवनमा गम्भिर असर हुने कार्य गरी चरित्र हत्या समेत गरेकोले उक्त व्यक्ति पत्ता लगाई कानुन बमोजिम कारबाहीका लागि पीडित महिलाले यस ब्यूरोमा उजुरी दिनु भएको।

प्राप्त उजुरी माथिको अनुसन्धान र प्राविधिक विश्लेषणबाट जिल्ला नुवाकोट शिवपुरी गाउँपालिका वडा नम्बर ०४ स्थायी वतन भई हाल जिल्ला काठमाडौँ टोखा नगरपालिका वडा नं. ११, बानियाटार बस्ने वर्ष २७ को किरण थापा खुल्न आएको हुँदा विद्युतीय कारोबार ऐन २०६३, अपराध अन्तर्गतको कसूरमा मिति २०८०/०९/०८ गते मुद्धा दर्ता गरी उक्त समयमा खोजतलास गर्दा फेला नपरी फरार भएकोमा निज फरार प्रतिवादीलाई मिति २०८०/११/०९ गते काठमाडौं स्थित गोङ्गबुबाट पक्राउ गरी अदालती कारबाहीको लागि सम्मानित काठमाडौ जिल्ला अदालतमा पेश गरिएको।

उप-निर्देशक
(दिपक राज अवस्थी)
प्रहरी उपरीक्षक
प्रवक्ता एवं सूचना अधिकारी
सम्पर्क नं. ९८५१२८६७७२